स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य मासिक खबरपत्रिका

अंक ३२, वर्ष ३, २०८३ असार ५, ने. सं. ११४६ थिंलाथ्व

## यस अंकका मुख्य विषयवस्तुहरु

**१. प्युठान जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा**

**२. सुर्तीजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थ नियन्त्रणसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न**

**३. रजबारा समुदायमा परिवार नियोजन, मातृ तथा नवशिशु स्वास्थ्य र महामारीजन्य रोग नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न**

**४. किशोरीहरूको रक्तअल्पता परीक्षण कार्यक्रम सञ्चालन**

## यस अंकका मुख्य विषयवस्तुहरु

**५. FP Data Pro सम्बन्धि अभिमुखिकरण सम्पन्न**

**६ .प्युठानमा एम्बुलेन्स सेवाको अनुगमन तथा नियमन कार्य सुरु**

**७ .सरुमारानी र स्वर्गद्वारीमा स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यशाला सम्पन्न**

**८. किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था अनुगमन तथा घोषणा कार्यक्रम**

**९. पालिका अन्तर्गत सम्पन्न भएका विभिन्न क्रियाकलापहरु**

## प्युठान जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा

आर्थिक वर्ष २०८२/०८३ का लागि प्युठान जिल्लालाई मिति २०८३ जेष्ठ १४ गते पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ। जिल्ला खोप समन्वय समितिका अध्यक्ष धर्मबहादुर जी.सी.को अध्यक्षतामा सम्पन्न कार्यक्रममा लुम्बिनी प्रदेश सभा सदस्य तथा पूर्व मन्त्री तुल्सीराम शर्मा र प्रदेश सभा सदस्य नीमा गिरीको विशेष आतिथ्यता रहेको थियो।

कार्यक्रममा विभिन्न कार्यालय तथा संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता रहेको थियो। साथै जिल्लाका नौवटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, खोप फोकल पर्सन, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सञ्चारकर्मी तथा अन्य सरोकारवालाहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमका अवसरमा खोप सेवाको प्रभावकारी सञ्चालन तथा लक्षित बालबालिकालाई नियमित खोप सेवा पहुँच पुर्‍याउन उल्लेखनीय योगदान पुर्‍याएका जिल्ला तथा स्थानीय तहका १० जना उत्कृष्ट स्वास्थ्यकर्मीलाई प्रशंसापत्रसहित सम्मान गरिएको थियो।

पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणाले जिल्लामा बाल स्वास्थ्य प्रवर्द्धन, खोप सेवाको गुणस्तर अभिवृद्धि तथा खोपबाट रोकथाम गर्न सकिने रोगहरूको नियन्त्रणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ।



## सुर्तीजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थ नियन्त्रणसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशको आयोजनामा स्वास्थ्य कार्यालय प्यूठानको सभाहलमा २०८३ साल जेठ १२ गते सुर्तीजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको नियन्त्रण तथा नियमनलाई प्रभावकारी बनाउने उद्देश्यले जिल्ला स्तरका सरोकारवालाहरूका लागि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा जिल्ला स्थित विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था, सञ्चार क्षेत्र तथा अन्य सम्बन्धित निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सुर्तीजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको प्रयोगबाट व्यक्ति, परिवार र समाजमा पर्ने नकारात्मक असरका बारेमा जानकारी गराउनुका साथै नियन्त्रण तथा नियमनका लागि विद्यमान कानुनी व्यवस्था र सरोकारवालाहरूको भूमिकाबारे छलफल गरिएको थियो।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले जिल्लामा सुर्तीजन्य पदार्थ, मद्यपान तथा लागूपदार्थको प्रयोग न्यूनीकरण गर्न आवश्यक समन्वय, अनुगमन तथा जनचेतनामूलक गतिविधिहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए।






## प्युठानमा एम्बुलेन्स सेवाको अनुगमन तथा नियमन कार्य सुरु

प्युठान जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति अन्तर्गतको निरीक्षण समितिले जिल्लाभित्र सञ्चालनमा रहेका एम्बुलेन्सहरूको अनुगमन तथा नियमन कार्य सुरु गरेको छ। अनुगमनका क्रममा एम्बुलेन्सहरू मापदण्डअनुसार सञ्चालन भए-नभएको, आवश्यक पूर्वाधार, सेवा प्रवाहको नियमितता तथा गुणस्तरको मूल्याङ्कन २०८३/०२/२३ गते गरिएको थियो। निरीक्षणका क्रममा देखिएका सुधारयोग्य पक्षबारे सम्बन्धित सञ्चालकहरूलाई सुझाव प्रदान गरिएको थियो।

यसैबीच, जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको नियमित बैठक २०८३ जेठ २६ गते प्रमुख जिल्ला अधिकारी तथा समिति संयोजक शान्तराज प्रसाईंको अध्यक्षतामा सम्पन्न भएको छ। बैठकमा निरीक्षण समितिले तयार गरेको अनुगमन प्रतिवेदनमाथि छलफल गर्दै एम्बुलेन्स सेवालाई थप सुरक्षित, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउने निर्णय गरिएको छ।

कार्यक्रममा सुरक्षा निकाय, स्वास्थ्यकर्मी, नेपाल रेडक्रस, एम्बुलेन्स सञ्चालन समिति तथा निरीक्षण समितिका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। प्रतिवेदन स्वास्थ्य कार्यालय प्युठानका फोकल पर्सन कोशलराज वैद्यले प्रस्तुत गर्नुभएको थियो।



## किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था अनुगमन

स्वास्थ्य कार्यालय प्यूठानको वार्षिक कार्यक्रम अन्तर्गत प्यूठान अस्पताललाई किशोरमैत्री स्वास्थ्य संस्था (Adolescent Friendly Health Services–AFHS) घोषणा गर्ने उद्देश्यले विभिन्न गतिविधिहरू सञ्चालन भएको थियो । यस क्रममा स्वास्थ्य कार्यालय प्यूठानको प्राविधिक टोलीद्वारा प्यूठान अस्पतालमा सरोकारवालाहरूसँग समन्वय बैठक सञ्चालन गरिएको थियो। बैठक पश्चात् AFHS मापदण्ड अनुसार अस्पतालको सेवा प्रवाह, भौतिक पूर्वाधार, अभिलेख तथा प्रतिवेदन व्यवस्थापन लगायतका पक्षहरूको स्थलगत सुपरिवेक्षण तथा अनुगमन गरियो। अनुगमनका क्रममा देखिएका उपलब्धि, चुनौती तथा साथै, AFHS सम्बन्धी प्रगति, तथा सुधारका क्षेत्रहरू समेटेर समीक्षा तथा प्रतिवेदन साझेदारी कार्यक्रम सञ्चालन गरियो, जसमा अस्पताल व्यवस्थापन, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममार्फत किशोरकिशोरीलाई गुणस्तरीय, पहुँचयोग्य, सुरक्षित तथा मैत्रीपूर्ण स्वास्थ्य सेवा प्रदान गर्ने प्रतिबद्धतालाई थप सुदृढ बनाइएको छ। आवश्यक मापदण्डहरू पूरा भएको सुनिश्चित भएपछि प्यूठान अस्पताललाई किशोरमैत्री स्वास्थ्य संस्था घोषणा गर्ने प्रक्रिया का लागि सिफारिस गर्ने प्रकृया अगाडि बडाईएको छ । यस कार्यक्रमले जिल्लामा किशोर स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा किशोरकिशोरीहरूको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## FP Data Pro सम्बन्धि अभिमुखिकरण सम्पन्न

स्वास्थ्य कार्यालय, प्युठानको आयोजनामा मिति २०८३ साल जेठ २९ र ३० गते दुई दिने FP Data Pro सम्बन्धी अभिमुखीकरण तथा परिवार नियोजन तथ्याङ्क विश्लेषण एवं व्यवस्थित प्रस्तुतीकरण कार्यक्रम सम्पन्न भएको थियो।कार्यक्रममा जिल्लाभित्रका सबै स्थानीय तहका स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यकर्मी तथा कार्यक्रम फोकल व्यक्तिहरूको सहभागिता रहेको थियो।कार्यक्रमको मुख्य उद्देश्य परिवार नियोजन सेवासम्बन्धी तथ्याङ्कको गुणस्तर सुधार, तथ्याङ्क विश्लेषण गर्ने क्षमता अभिवृद्धि तथा विश्लेषित तथ्याङ्कलाई व्यवस्थित रूपमा प्रस्तुतीकरण गर्ने सीप विकास गर्नु रहेको थियो।

कार्यक्रममा FP Data Pro को प्रयोग, परिवार नियोजनका प्रमुख सूचकहरूको विश्लेषण, तथ्याङ्कको व्याख्या, तथा निर्णय प्रक्रियामा तथ्याङ्कको उपयोग सम्बन्धी विषयहरूमा सहजीकरण गरिएको थियो।दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा सहभागीहरूले स्थानीय तहको परिवार नियोजन कार्यक्रमको अवस्था विश्लेषण गर्ने, चुनौतीहरू पहिचान गर्ने तथा सुधारका सम्भावित उपायहरूबारे छलफल गरेका थिए। कार्यक्रमले तथ्यमा आधारित योजना निर्माण तथा कार्यक्रम व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## किशोरीहरूको रक्तअल्पता परीक्षण कार्यक्रम सञ्चालन

स्वास्थ्य कार्यालय प्युठानको आयोजनामा आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत सामुदायिक विद्यालयहरूमा किशोरीहरूको रक्तअल्पता परीक्षण कार्यक्रमको दोश्रो चरण २०८३ साल जेष्ठ ५ गतेदेखि प्युठान जिल्लाभरिका सामुदायिक तथा संस्थागत विध्यालयहरुमा सञ्चालन भइरहेको छ।

कार्यक्रम अन्तर्गत १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरूको रक्त परीक्षण गरी रक्तअल्पताको अवस्था पहिचान गरिनेछ। यस कार्यक्रमले किशोरीहरूको रक्तअल्पताको अवस्था पहिचान गर्न, पोषिलो तथा स्वस्थकर खानपानप्रति सकारात्मक व्यवहार विकास गर्न तथा वर्षमा दुई पटक आइरन चक्की सेवन गर्न उत्प्रेरित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। साथै, प्राप्त नतिजाले स्थानीय, प्रदेश तथा संघीय तहमा सञ्चालन हुने पोषणसम्बन्धी कार्यक्रमहरूको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यस रक्तअल्पता जाँच कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन स्वास्थ्य कार्यालय प्युठानका ल्याब टेक्निसियन निरीक्षक डोरबहादुर खड्काको नेतृत्वमा भइरहेको छ। विद्यालयस्तरमै स्वास्थ्य सेवा पुऱ्याएर किशोरीहरूको पोषण तथा स्वास्थ्य अवस्था सुधार गर्न कार्यक्रम प्रभावकारी हुने विश्वास लिइएको छ।



## सरुमारानी र स्वर्गद्वारीमा स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यशाला सम्पन्न

लुम्बिनी प्रदेश सभा सदस्य माननीय निमा गिरिको प्रमुख आतिथ्यतामा सरुमारानी गाउँपालिकामा जेठ २५ गते र स्वर्गद्वारी नगरपालिकामा जेठ २४ गते आधारभूत स्वास्थ्य सेवाको कानुनी व्यवस्था, प्रजनन स्वास्थ्य तथा स्वास्थ्य र पोषणसम्बन्धी सेवाको सुनिश्चिततामा सकारात्मक सोच विकास गर्ने उद्देश्यले एकदिने कार्यशाला सम्पन्न भएको थियो।

कार्यशालामा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला तथा बालबालिका, महिला स्वास्थ्य स्वयंसेविका, आमासमूहका सदस्य तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सरुमारानी गाउँपालिकाकी उपप्रमुख बसन्ता खड्का तथा स्वर्गद्वारी नगरपालिकाका प्रमुख टेकप्रसाद भण्डारीले प्रमुख अतिथि माननीय निमा गिरि र स्वास्थ्य कार्यालय प्युठानप्रति धन्यवाद तथा आभार व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा कानुनी सन्दर्भ तथा सकारात्मक सोच सम्बन्धी सहजीकरण माननीय निमा गिरिले तथा स्वास्थ्यसम्बन्धी विषयमा स्वास्थ्य कार्यालय प्युठानका प्रमुख नरेश श्रेष्ठले गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन स्वास्थ्य कार्यालय प्युठानका फोकल पर्सन कोशलराज वैद्यले गर्नुभएको थियो भने व्यवस्थापनमा सम्बन्धित पालिकाका स्वास्थ्य शाखा र सरोकारवालाहरूको सहयोग रहेको थियो।



## रजबारा समुदायमा परिवार नियोजन, मातृ तथा नवशिशु स्वास्थ्य र महामारीजन्य रोग नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न

गौमुखी गाउँपालिका १ रजबारा–समुदायमा परिवार नियोजन, मातृ तथा नवशिशु स्वास्थ्य तथा महामारीजन्य रोग नियन्त्रणसम्बन्धी जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रवर्द्धन तथा अन्तरक्रियात्मक कार्यक्रम २०८३ जेष्ठ ५ गते सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय प्युठानका फोकल पर्सन कोशलराज वैद्य तथा गौमुखी गाउँपालिकाको स्वास्थ्य शाखाका हरि जैसी र केशव के.सी.ले गर्नुभएको थियो।

समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा जोखिममा रहेका समुदायका नागरिक, आमा समूहका सदस्य, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, सञ्चारकर्मी, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रममा परिवार नियोजन सेवाको महत्व, सुरक्षित मातृत्व, नवजात शिशुको उचित स्याहार तथा मौसम परिवर्तनसँगै देखापर्न सक्ने महामारीजन्य रोगहरूको रोकथाम र नियन्त्रणका उपायबारे जानकारी प्रदान गरिएको थियो। सहभागीहरूले स्वास्थ्यसम्बन्धी विविध विषयमा जिज्ञासा राख्दै अन्तरक्रियात्मक छलफलमा समेत सहभागिता जनाएका थिए।

## पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम

प्यूठान जिल्लाका विभिन्न स्थानीय तहहरूमा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न भएका छन्। ऐरावती गाउँपालिका, प्यूठान नगरपालिका, मल्लरानी गाउँपालिका, नौबहिनी गाउँपालिकामा जेठ महिनामा उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो। कार्यक्रममार्फत खोपबाट रोकथाम गर्न सकिने रोगहरू विरुद्ध लक्षित बालबालिकाले नियमित रूपमा पूर्ण खोप प्राप्त गरेको सुनिश्चित गर्दै खोप सेवाको दिगोपना कायम राख्ने प्रतिबद्धता व्यक्त गरिएको थियो।

# पालिका अन्तर्गत सम्पन्न भएका विभिन्न क्रियाकलापहरु

## सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रम सम्पन्न

-गौमुखि गाउँपालिका

गौमुखि गाउँपालिका र स्वास्थ्य कार्यालयको आयोजनामा मिति २०८३/०२/२२ देखि २०८३/०२/२३ सम्मका दिनमा गौमुखि गाउँपालिकाका अर्खा स्वास्थ्य चौकी, रजवारा स्वास्थ्य चौकीमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम सम्पन्न भएको थियो।

यस कार्यक्रमका लक्षित वर्ग पि बि सि बिरामीका घरपरिवारका सदस्य तथा नजिकका सम्पर्कहरू, दुई हप्ताभन्दा बढी खोकी लागेका, ज्येष्ठ नागरिक, HIV संक्रमित व्यक्तिहरू, कुपोषित बालबालिका तथा वयस्कहरू धूम्रपान तथा मदिरा सेवन गर्ने व्यक्तिहरू, क्षयरोगको विगत इतिहास भएका ,स्वास्थ्य सेवाको पहुँच कम भएका, विपन्न, सीमान्तकृत तथा उच्च जोखिमयुक्त जनसंख्या क्षयरोगका लक्षण भएका व्यक्तिहरू थिए ।

सो व्यक्तिहरू को घरदैलो तथा समुदायस्तरमा सक्रिय खोजपड्ताल सम्पन्न भएको छ।यस कार्यक्रमको उद्देस्य दुई हप्ताभन्दा बढी खोकी, ज्वरो, तौल घट्ने, राति पसिना आउने जस्ता लक्षण भएका व्यक्तिहरूको पहिचान गर्नु र सम्भावित क्षयरोगीहरूलाई आवश्यक परीक्षणका लागि स्वास्थ्य संस्थामा प्रेषण गर्नु साथै क्षयरोगका बिरामीहरूको प्रारम्भिक चरणमै निदान गरी संक्रमणको श्रृंखला तोड्नु हो।यस कार्यक्रमले समुदायमा क्षयरोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने साथै राष्ट्रिय क्षयरोग नियन्त्रण तथा उन्मूलन कार्यक्रमलाई सहयोग पुर्याएको छ।



## विद्यालयस्तरीय लागूऔषध दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम सम्पन्न

-माण्डवी गाउँपालिका

माण्डवी गाउँपालिकाको आयोजनामा २०८३ जेठ ११ गतेदेखि २० गतेसम्म विद्यालयस्तरीय लागूऔषध दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा माध्यमिक तहका ४८० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो।

विद्यार्थीहरूमा लागूऔषध दुर्व्यसनका नकारात्मक प्रभावबारे सचेतना अभिवृद्धि गर्ने, जोखिमपूर्ण व्यवहार न्यूनीकरण गर्ने तथा मानसिक स्वास्थ्य, तनाव व्यवस्थापन र जीवन सीप सम्बन्धी ज्ञान प्रदान गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रममा वडा अध्यक्ष, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य चौकी प्रमुख, शिक्षक तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रमको सहजीकरण जनस्वास्थ्य अधिकृत माधव पोख्रेलले गर्नुभएको थियो।

कार्यक्रममा लागूऔषधका प्रकार, त्यसका शारीरिक, मानसिक तथा सामाजिक असर, कानुनी पक्ष तथा दुर्व्यसनबाट जोगिने उपायबारे जानकारी प्रदान गरिएको थियो। साथै प्रश्नोत्तर तथा अन्तरक्रियात्मक छलफलमार्फत विद्यार्थीहरूमा" No to Drugs" भन्ने सकारात्मक सोच र सचेतना अभिवृद्धि भएको अपेक्षा गरिएको छ।



## CBIMNCI सम्बन्धी स्वास्थ्यकर्मीहरूको अन-साइट कोचिङ तालिम सम्पन्न

-झिमरुक गाउँपालिका

झिमरुक गाउँपालिकाको आयोजनामा २०८३ जेठ १७ गते वडा नं. ५ स्थित ओखरकोट स्वास्थ्य चौकीमा CBIMNCI (Community Based Integrated Management of Newborn and Childhood Illness) सम्बन्धी स्वास्थ्यकर्मीहरूको अन-साइट कोचिङ तालिम तथा गोष्ठी सम्पन्न भएको छ।

नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा १७ जना स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख, उपाध्यक्ष, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य चौकी प्रमुख, विभिन्न स्वास्थ्य संस्थाका कर्मचारी तथा CBIMNCI फोकल पर्सनको सहभागिता रहेको थियो।

तालिमबाट स्वास्थ्यकर्मीहरूको CBIMNCI सम्बन्धी ज्ञान, सीप तथा दक्षतामा वृद्धि हुनुका साथै नवजात तथा बालरोगको पहिचान, वर्गीकरण र व्यवस्थापनमा सुधार भएको अपेक्षा गरिएको छ। साथै उपचार प्रोटोकल तथा रेकर्डिङ–रिपोर्टिङ प्रणालीमा एकरूपता कायम भई बालस्वास्थ्य सेवाको प्रभावकारिता बढ्ने विश्वास गरिएको छ।



## मल्लरानीमा डिजिटल स्वास्थ्य सूचना प्रणाली सम्बन्धी पुनर्ताजगी तालिम सम्पन्न

-मल्लरानी गाउँपालिका

मल्लरानी गाउँपालिकाको आयोजनामा स्वास्थ्य सूचना प्रणाली तथा डिजिटल स्वास्थ्य उपकरण (DHIS2, Medic Mobile र PAMS-V2) सम्बन्धी दुई दिने पुनर्ताजगी तालिम २०८३ जेठ २७ र २८ गते उद्योग वाणिज्य संघ, खलंगा प्युठानमा सम्पन्न भएको थियो।

तालिममा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत करिब १८ जना स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। स्वास्थ्य शाखा प्रमुख, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य अधिकृत तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको उक्त तालिमको सहजीकरण पारस शाहीले गर्नुभएको थियो।

तालिममार्फत स्वास्थ्यकर्मीहरूको डिजिटल स्वास्थ्य प्रणालीसम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि हुनुका साथै डेटा प्रविष्टि, व्यवस्थापन तथा प्रतिवेदन प्रणालीको प्रयोग क्षमतामा वृद्धि भएको अपेक्षा गरिएको छ।



## ऐरावतीमा महिला स्वास्थ्य स्वयंसेविकाको वार्षिक समीक्षा सम्पन्न

- ऐरावती गाउँपालिका

ऐरावती गाउँपालिकाका ६ वटा स्वास्थ्य चौकीमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा वडा अध्यक्ष, स्वास्थ्य शाखाका कर्मचारी, स्वास्थ्य चौकीका कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्य वर्षभरि सञ्चालन गरिएका स्वास्थ्य गतिविधिहरूको समीक्षा गर्दै उपलब्धि, चुनौती तथा सिकाइहरूको मूल्याङ्कन गरी आगामी वर्षका लागि प्रभावकारी योजना तयार गर्नु रहेको थियो। समीक्षा कार्यक्रममा स्वास्थ्य सेवा प्रवाह, समुदायस्तरीय स्वास्थ्य प्रवर्द्धन तथा स्वयंसेविकाहरूको भूमिकाबारे छलफल गरिएको थियो। कार्यक्रमले आगामी दिनमा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा समुदायमा स्वास्थ्य कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

-प्यूठान नगरपालिका

प्यूठान नगरपालिकाको आयोजनामा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ। कार्यक्रममा २६ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकासहित ३४ जनाको सहभागिता रहेको थियो।

कार्यक्रमको उद्देश्य महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई नसर्ने रोग तथा मानसिक रोग सम्बन्धी अभिमुखीकरण प्रदान गरी समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्नु, जोखिम कारकहरूको पहिचान, रोगको रोकथाम, प्रारम्भिक पहिचान तथा आवश्यक स्वास्थ्य सेवामा समयमै पहुँच सुनिश्चित गर्न सहयोग पुर्‍याउनु रहेको थियो।

कार्यक्रममा नगर उपप्रमुख, निमित्त प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखाका कर्मचारीहरू, कार्यालय सहयोगी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता रहेको थियो। कार्यक्रमको सहजीकरण जनस्वास्थ्य अधिकृत रोशी शर्माले गर्नुभएको थियो।

कार्यक्रम पश्चात सहभागीहरूको नसर्ने तथा मानसिक रोग सम्बन्धी ज्ञानमा वृद्धि हुनुका साथै जोखिम कारक, लक्षण तथा रोकथामका उपायबारे चेतना अभिवृद्धि भएको अपेक्षा गरिएको छ। साथै प्रारम्भिक पहिचान तथा रेफरल क्षमतामा सुधार, स्वस्थ जीवनशैली प्रवर्द्धन, मानसिक स्वास्थ्यप्रति सकारात्मक सोचको विकास तथा समुदायस्तरमा जनचेतना विस्तारमा कार्यक्रमले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको छ।



## AI आधारित डिजिटल एक्स–रेमार्फत क्षयरोग खोजपड्ताल शिविर सम्पन्न

-नौबहिनी गाउँपालिका


नौबहिनी गाउँपालिकाको आयोजना, BNMT को प्राविधिक सहयोग तथा स्वास्थ्य कार्यालय प्युठानको समन्वयमा २०८३ जेठ १८ गते लिघा स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाई बहानेमा एआई प्रविधिमा आधारित पोर्टेबल डिजिटल एक्स–रे मार्फत क्षयरोगको सक्रिय खोजपड्ताल शिविर सम्पन्न गरिएको छ।

ग्रामीण क्षेत्रका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै क्षयरोगमुक्त समाज निर्माण गर्ने उद्देश्यले सञ्चालन गरिएको शिविरमा १५ वर्षभन्दा माथिका नागरिक तथा क्षयरोगको उपचार गराइरहेका व्यक्तिहरूलाई लक्षित गरिएको थियो।

शिविरमा लिघा स्वास्थ्य चौकीमा १ सय ९२ जना र सामुदायिक स्वास्थ्य इकाई बहानेमा १ सय २० जनाको स्क्रिनिङ गरिएको थियो। लिघामा स्क्रिनिङ गरिएकामध्ये २५ जनाको थप परीक्षणका लागि खकार नमुना संकलन गरी प्रयोगशालामा पठाइएको छ।

कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालय दाङका जनस्वास्थ्य निरीक्षक कृष्णागोपाल चौधरी, UNDP का डा. समिर मैनाली, टिबी नेपालका डा. सत्यबहादुर शाही तथा नौबहिनी गाउँपालिकाका स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

एआई आधारित डिजिटल एक्स–रे प्रविधिको प्रयोगबाट क्षयरोगको सम्भावित जोखिम भएका व्यक्तिहरूको छिटो पहिचान गर्न सहज भएको र यसले रोगको प्रारम्भिक चरणमै उपचार सुरु गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।



## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण

-सरुमारानी गाउँपालिका

सरुमारानी गाउँपालिकाको आयोजनामा २०८३ जेठ १२ गते महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम गाउँपालिकाको सभाहलमा सम्पन्न भएको छ।

कार्यक्रममा गाउँपालिकाका विभिन्न वडामा कार्यरत ३१ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकासहित ५० जनाको सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्य स्वयंसेविकाहरूको नसर्ने रोग तथा मानसिक स्वास्थ्यसम्बन्धी ज्ञान र क्षमता अभिवृद्धि गरी समुदायस्तरमा रोगको समयमै पहिचान, परामर्श, व्यवस्थापन तथा आवश्यक प्रेषण सेवामा सहयोग पुर्‍याउनु रहेको थियो।

कार्यक्रमको सहजीकरण स्वास्थ्य शाखाका कर्मचारीहरू तथा मनोसामाजिक परामर्शकर्ताले गर्नुभएको थियो। कार्यक्रमपछि सहभागीहरूमा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना वृद्धि हुनुका साथै समुदायमा समयमै पहिचान र उचित स्वास्थ्य सेवामा पहुँच विस्तार हुने अपेक्षा गरिएको छ।






## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले आ.व. २०८०/८१ को सुरुवात सँगै सुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको ३२ औं अंक प्रकाशन गर्न लागेको छ । २०८३ साल जेठ महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी जानकारिहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्बन्धि मासिक गतिविधिहरु को सारसंक्षेप प्रस्तुत गरिएको छ । यस समाचारपत्रका लागि स्थानीय तहका जनस्वास्थ्य अधिकृतहरूले आफ्नो-आफ्नो क्षेत्रमा सञ्चालन भएका गतिविधिहरुको विवरण स्वास्थ्य कार्यालय प्यूठानलाई उपलब्ध गराउनुभएको थियो। यस खवरपत्रिका लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ।